नगर प्रमुखः ०९१-५६०३८०
प्रमुख प्रशासकीय अधिकृतः ०९१-५६०११८
राजस्व शाखा: ०९१-५६०८८३

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली सुदुरपश्चिम प्रदेश, नेपाल

**सपिङ्ग कम्प्लेक्स भवनका कोठा (सटर कवल) हरुको बहाल ठेक्का बन्दोबस्तका लागि डाँक बढाबढ सम्बन्धी सार्वजनिक सूचना**
**(तेस्रो पटक प्रकाशित मिति : २०८१।०५।२० गते)**

टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको स्वामित्वमा रहेको टी.न.पा.-१, ब्लक नं.A स्थित नगर कार्यपालिकाको कार्यालय परिसरमा रहेको सपिङ्ग कम्प्लेक्स भवनका कोठा (सटर कवल) हरु २ वर्षको लागि डाँक बढावढ प्रक्रियाद्वारा ठेक्का बन्दोबस्त गरि बहालमा लगाउनु पर्ने भएकोले तपसिल बमोजिमको मिति, समय र स्थानमा डाँक बढावढ गरिने भएको हुँदा इच्छुक फर्म वा संस्थाले यस कार्यालयबाट प्रथम पटक मिति २०८१।०४।१५ गते प्रकाशित सूचनामा उल्लेखित सर्तहरुका साथै निम्नानुसारका सर्तहरुको अधिनमा रही डाँक बढावढमा सहभागी हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| सि. नं. | सूचना नं. | ठेक्काको नाम | न्यूनतम ठेक्का रकम प्रति कोठा (रु.) | | | डाँक बढाबढ हुने मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|
| | | | न्यूनतम मासिक भाडा दर | दुई वर्षको जम्मा भाडा (अंकमा) | दुई वर्षको जम्मा भाडा (अक्षरमा) | |
| १ | ०१/२०८१/८२ | उत्तरतर्फको सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं.५२ | ८५५५.०० | २०५३२०.०० | दुई लाख पाँच हजार तीन सय बिस मात्र | मिति : २०८१।०५।२७ गते<br>समय : दिउँसो १:०० बजे देखि ३:०० बजेसम्म<br>स्थान : टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको सभाहल |
| २ | ०२/२०८१/८२ | उत्तरतर्फको सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं.५३ | ३२५११.०० | ७८०२६४.०० | सात लाख असी हजार दुई सय चौसठ्ठी मात्र | |
| ३ | ०३/२०८१/८२ | उत्तरतर्फको सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं.५५ | २०५००.०० | ४९२०००.०० | चार लाख बयानब्बे हजार मात्र | |
| ४ | ०४/२०८१/८२ | उत्तरतर्फको सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं.५६ | २०६२१.०० | ४९४९०४.०० | चार लाख चौरानब्बे हजार नौ सय चार मात्र | |
| ५ | ०५/२०८१/८२ | उत्तरतर्फको सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं.५७ | २८९९९.०० | ६९५९७६.०० | छ लाख पन्चानब्बे हजार नौ सय छयहत्तर मात्र | |
| ६ | ०६/२०८१/८२ | उत्तरतर्फको सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं.५८ | २७९९९.०० | ६७१९७६.०० | छ लाख एकहत्तर हजार नौ सय छयहत्तर मात्र | |
| ७ | ०७/२०८१/८२ | उत्तरतर्फको सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं.५९ | २७९९९.०० | ६७१९७६.०० | छ लाख एकहत्तर हजार नौ सय छयहत्तर मात्र | |
| ८ | ०८/२०८१/८२ | उत्तरतर्फको सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं.६० | २०५७०.०० | ४९३६८०.०० | चार लाख त्रियानब्बे हजार छ सय असी मात्र | |
| ९ | ०९/२०८१/८२ | उत्तरतर्फको सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं.६१ | २१०००.०० | ५०४०००.०० | पाँच लाख चार हजार मात्र | |
| १० | १०/२०८१/८२ | दक्षिणतर्फको सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं.२० | ७०००.०० | १६८०००.०० | एक लाख अठसठ्ठी हजार मात्र | |

**सर्तहरु :**

१. डाँक बढावढमा भाग दिन इच्छुक फर्म/ संस्थाले न्यूनतम ठेक्का अंकमा नघटाई सो भन्दा माथि कबोल गर्ने गरी डाँक बढावढ हुने मिति २०८१।०५।२७ गतेका दिन दिउँसो १२:०० बजे भित्र अनिवार्य रुपले आफूले कबोल गर्न चाहेको कूल ठेक्का रकमको ५ (पाँच) प्रतिशत धरौटी रकम नगदै वा यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड टीकापुर शाखामा रहेको धरौटी खाता नं. १०७०३००००३००००००००१ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको कम्तीमा ९० (नब्बे) दिन म्याद भएको विडवण्डको सक्कल प्रति सहित



प्रमुख प्रशासकीय-अधिकृत

Scanned with CamScanner

फर्म/संस्थाको प्रोप्राइटर वा कार्य समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, फर्म/संस्थाको स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०८०/८१ वा पछिल्लो अवधिसम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, फर्मको हकमा नेपाल सरकार वा प्रदेश सरकारको सम्बन्धित निकायका साथै वडा कार्यालयमा व्यवसाय दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, संस्थाको हकमा सम्बन्धित निकायमा संस्था दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ। डाँक बढाबढको लागि नाम दर्ता गराएका सम्बन्धित फर्म/संस्था एवं कार्यालय प्रतिनिधिहरुको रोहवरमा सोहि दिन दिउँसो १:०० बजे देखि ३:०० बजेसम्म डाँक बढाबढको कार्य हुनेछ। साथै टीकापुर नगरपालिकालाई तिर्नुपर्ने बाँकीबक्यौता रहेको फर्म/संस्थाले डाँक बढाबढ प्रक्रियामा भाग लिन पाउने छैन।

२. डाँक बढाबढ हुने मिति २०८१।०५।२७ गतेका दिन सार्वजनिक विदा पर्न गएमा सो लगत्तै कार्यालय खुलेको दिन डाँक बढाबढ सम्बन्धी कार्य हुनेछ।

३. ठेक्का बन्दोबस्त गर्न लागिएको कोठा (सटर कवल) हरुको मौजुदा अवस्थाको बारेमा डाँक बढावढमा भाग लिन इच्छुक फर्म/संस्था वा निजका प्रतिनिधिले सम्बन्धित स्थानमा गई जानकारी प्राप्त गर्न सकिनेछ।

४. डाँक बढाबढको लागि तोकिएको स्थानमा बाहेक अन्य कुनै स्थानमा वा हुलाक, फोन वा अन्य माध्यमद्वारा बोलेको कुनै पनि डाँक उपर कुनै कारबाही गरिने छैन।

५. डाँक बढाबढको प्रस्तावको लागि पेश भएका कागजातहरु तोकिएको शर्त बमोजिम भए नभएको हेरी प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

६. डाँक स्वीकृत भए पछि डाँकवालाबाट स्वीकृत ठेक्का अंकको कूल रकम बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको ठेक्का अवधि भन्दा कम्तीमा ६(छ) महिना बढी म्याद भएको परफरमेन्स वण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का सम्बन्धी शर्त खुलाई सम्बन्धित ठेकेदारसँग कबुलियत गराई यस कार्यालयबाट चलन पुर्जी (पट्टा) दिइनेछ।

७. वहाल रकम मासिक रुपमा बुझाउनु पर्नेछ। अग्रिम बुझाएमा प्राप्त हुने छुट तथा ढिलो बुझाएमा लाग्ने जरिवाना टीकापुर नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ सो बाहेक अन्य कुनै पनि किसिमको छुट तथा मिनाहा पाईने छैन।

८. डाँक स्वीकृत भएको सूचना प्राप्त भएपछि सो सूचनामा तोकिएको म्याद भित्र डाँकवालाले चलन पुर्जी नलिएमा वा पट्टा नउठाएमा निजले राखेको जमानत रकम जफत हुनेछ।

९. अन्य कुराहरु सम्झौतामा उल्लेख भए बमोजिम र प्रचलित कानुन बमोजिम हुनेछ।

१०. यस सम्वन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समयमा फोन नं.०९१-५६०८८३ वा राजश्व उपशाखामा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिनेछ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत





Scanned with CamScanner